फो.नं. ०२३५४५८००

# वितामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
बिर्तामोड, झापा
१ नं. प्रदेश, नेपाल

प.सं. ०७७/७८
च.नं. १५८

मितिः २०७८/०२/२०

विषयः निर्देशन कार्यान्वयन सम्वन्धमा ।

**श्री सबै सामुदायिक/संस्थागत विद्यालयहरु**
**बिर्तामोड नगरपालिका, झापा ।**

प्रस्तुत विषयमा सबै सामुदायिक/संस्थागत विद्यालयहरुले निम्न निर्देशनहरु कार्यान्वयन गर्न गराउन हुन अनुरोध छ ।

१.विर्तामोड नगरपालिकाबाट विगत वर्षहरुदेखी नै लागू गरिएको स्थानीय विषय अन्तर्गत कक्षा ३,४,५ र ६ को "आचरण सचेतना शिक्षा" पाठ्यपुस्तक नगरपालिकाबाट निःशुल्क रुपमा पुनः प्रयोग हुने गरी वितरण गरिएकोले शै.स.२०७७ मा वितरण गरिएको सो पाठ्यपुस्तक पुनः प्रयोग गर्ने सन्दर्भमा बालवालिकहरु बाट फिर्ता गर्नु गराउनु हुन साथै सो पुनःप्रयोग हुने पाठ्यपुस्तकको संख्या यकिन गरी कक्षागत रुपमा थप आवश्यक पाठ्यपुस्तक यस शाखामा माग गर्नु हुन ।

२. आगामी असार १ गतेबाट नयाँ शैक्षिक सत्र २०७८ प्रारम्भ हुने भएकोले सो मिति पछि मात्र नयाँ विद्यार्थी भर्ना एवं अभिलेखीकरण कार्य प्रारम्भ गर्नु गराउनु हुन ।

३.शैक्षिक सत्र २०७८ मा नयाँ विद्यार्थी भर्ना गर्ने सन्दर्भमा सबै विद्यालयहरुले स्थानान्तरण भै आउने विद्यार्थीहरुको अनिवार्य रुपमा कक्षा-१ भन्दा माथीका कक्षाहरुमा सम्वन्धित विद्यार्थीहरुको अन्य विद्यालयवाट जारी गरिएको ग्रेडसीट/मार्कसीट र स्थानान्तरण प्रमाणपत्र अनिवार्य रुपमा लिएर भर्ना गर्नु गराउनु हुन साथै आफ्नो विद्यालयबाट अन्यत्र जानको लागि सम्वन्धित विद्यार्थीको अभिभावकबाट निवेदन पेश भएमा नियमानुसार स्थानान्तरण प्रमाणपत्र र ग्रेडसीट/मार्कसीट उपलब्ध गर्नु गराउनु हुन ।

४.सवै संस्थागत विद्यालयहरुले आफ्ना विद्यार्थीहरुलाई पाठ्यक्रम विकास केन्द्रबाट तोकिए बमोजिमका पाठ्यपुस्तकहरु २०७८ असार पहिलो हप्ताभित्रमा उपलब्ध हुने प्रबन्ध गर्नु गराउनु हुन ।

५. सबै सामुदायिक विद्यालयहरुले २०७८ असार पहिलो हप्ता भित्र अनिवार्य रुपमा विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुग्ने व्यवस्था मिलाउनु हुनका साथै पाठ्यपुस्तक खरिदका लागि रकम नपुग हुने भएमा मिति २०७८ असार २० गते भित्र कक्षागत बील भर्पाई सहित रकम माग गरी शिक्षा युवा तथा खेलकुद शाखामा अनिवार्य पेश गर्नु हुन ।

२०७८/२/२०
तिलचन भण्डारी
उपसचिव

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा,विर्तामोड नगरपालिकाः वेबसाइटमा अपलोड गरिदिनु हुन ।

Scanned with CamScanner